स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रणय दिवसको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दु:खी आत्मा'को टिजर र 'ब्रेकअप कविता'ले चर्चा पाइरहँदा पहिलो गीतको रुपमा 'जुनीजुनी भरिलाई' सार्वजनिक गरिएको छ। रोमान्टिक भावको गीतमा केतन क्षेत्री र मुना ठटालको पार्श्व गायन छ । सार्वजनिक गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल शर्मा चित्रित छन् ।

**आजको विचार...**



**स्थानीय...**
*(दुई पेजमा)*

**रमेशप्रसाद लामिछाने**



सर्वाधिक हिट फिल्म 'पूर्णबहादुरको सारङ्गी' का अभिनेता हुन्, विजय बराल। फिल्मको सफलताले उनी पछिल्लो समय धेरै निर्माता निर्देशकको रोजाइमा पर्दै गएका छन्। उनलाई लिएर फिल्म बनाउन निर्माता निर्देशक लालायित छन्। केही समय अगाडि 'लाज शरणम' को काम सकेका उनी हालै 'जनै हराएको बाहुन'मा पनि अनुबन्धित भएका छन्। हिमाल न्यौपानेको निर्देशन रहने फिल्ममा उनी महँगो पारिश्रमिकमा अनुबन्धित भएको चर्चा छ। कमेडी दरबारको टिम छाइन लागेको बताए।

❒ वर्ष ३० ❒ अंक १८७ ❒ २०८१ माघ १७ गते बिहीबार 30 January 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भागदौडमा १५ को मृत्यु

**(रासस/सिन्ह्वा)**

**प्रयागराज (भारत),** माघ १६/भारतको विश्वको सबैभन्दा ठूलो धार्मिक जमघटमा भएको भागदौडमा कम्तीमा १५ जनाको मृत्यु भएको र धेरै घाइते भएको कुम्भ मेला महोत्सवका एक चिकित्सकले बुधबार बताएका छन् । भारतीय धार्मिक उत्सवहरूमा घातक भीडभाड एक कुख्यात विशेषता हो र अकल्पनीय भक्तजनहरूको भीड हुने कुम्भ मेलामा बिहानै भएको यो घटना अघि नै दु:खद इतिहास थियो । छ हप्ते यो उत्सव हिन्दू धार्मिक पात्रोको सबैभन्दा ठूलो मिलन विन्दु हो र बुधबार पवित्र स्नानको दिनमा लाखौं मानिसको सहभागिता हुने अपेक्षा गरिएको थियो । 'अहिलेसम्म कम्तीमा १५ जनाको मृत्यु भएको छ । अरूको उपचार भइरहेको छ', मिडियासँग बोल्न अधिकार नभएको बताउँदै नाम नखुलाइएका उत्सवस्थलका चिकित्सकले बताए । उद्धार टोलीहरूले तीर्थयात्रीहरूसँग मिलेर कपडा, जुत्ता र अन्य छरिएका सामानहरूले भरिएको स्थलबाट पीडितहरूलाई बोकेर लैजाँदै गरेको देखिएको थियो । प्रहरी अधिकारीहरूले बाक्लो कम्बलले ढाकिएका मृतकहरूको शव स्ट्रेचरमा बोकेर हिँडेको देखिन्थ्यो । दर्जनौं आफन्तहरू दुर्घटनास्थलबाट करिब एक किलोमिटर टाढा उत्सवका लागि बनाइएको अस्थायी अस्पतालको ठूलो पालबाहिर चिन्तित भएर समाचारको प्रतीक्षा गरिरहेका थिए । बुधबार उत्सवको सबैभन्दा पवित्र दिनहरू मध्ये एक हो । उत्सवमा भगवा वस्त्रधारी साधुहरूले लाखौं भक्तजनलाई गङ्गा र यमुना नदीको सङ्गमस्थलमा पाप-मुक्तिका लागि पवित्र स्नान गराउने कार्यक्रम थियो ।

# उपेक्षित सहिदहरू !

***२०६२/०६३ को राजनीतिक परिवर्तनपछि बनेका हरेक सरकारले विभिन्न आन्दोलनका नाममा ज्यान गुमाएकालाई आफू अनुकूल सहिद घोषणा गर्दा सच्चा सहिद ओझेलमा परेका छन् । सहिदहरुले जुन कारणले आफ्नो जीवन उत्सर्ग गरे त्यो अहिलेसम्म पूरा हुन सकेको छैन ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ १६/ ***'हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए, बन्दैन मुलुक दुई-चार सपूत मरेर नगए ।'*** यो श्लोक हो स्वर्गीय कवि भूपि शेरचनको । तर आजको अवस्था उनले भनेजस्तो छैन । न देशका लागि मर्नेहरू नै छन्, न सहिद भएकाहरूप्रति नै श्रद्धाभाव व्यक्त गर्ने अरु कोही छन् । आज सच्चा सहिदलाई नक्कली सहिदले विस्थापित मात्र होइन गिज्याइरहेको अवस्था छ । देशका लागि हाकाहाकी ज्यान दिने गंगालाल, शुक्रराज, दशरथ र धर्मभक्तजस्ता त आज खोजेर कहाँ पाउनु ? विगतमा गणतान्त्रिक आन्दोलनमा सहिद भएका, अंगभंग भएका र घाइतेलाई समेत आज तिरष्कार गरिएको छ । हरेक वर्ष माघ १० देखि १६ गतेसम्म सहिदलाई सम्झने चलनलाई यसपटक पनि निरन्तरता दिँदै बुधबार सहिद दिवस मनाइँएको छ । विगतमा जस्तै सरकारी तवरबाट विविध कार्यक्रमहरु आयोजना गरी दिवसलाई औपचारिकता दिएएको छ । हरेक वर्ष औपचारिकताका कार्यक्रमहरु गर्ने तर सहिदले देखाएको बाटो अनुसरण नगर्ने गर्दा दिवसकै उपहास भएको प्रति सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले मुलुक निर्माणमा सहिदहरुको महत्वपूर्ण योगदान रहे पनि उनीहरुले पहिल्याएको बाटोमा हिड्न नसकिएको बताए । सांसद रानाले 'मुलुकमा व्यवस्था परिवर्तन भयो तर




जनताको अवस्थामा अझै परिवर्तन आउन सकेको छैन । जबसम्म जनताको अवस्थामा परिवर्तन हुन्न तब सम्म सहिदको सपना पुरा हुन्न ।' उनले सहिदको सपना पुरा गराउने दिशामा लाग्न सबैलाई आग्रह गरे । पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले पनि जनताको अवस्थामा परिवर्तन नहुँदा सम्म सच्चा सहिदको सम्मान हुन नसक्ने बताए । उनले हरेक वर्ष सहिदका नाममा औपचारिक कार्यक्रम गरेर उनीहरुको सम्मान नहुने भन्दै सहिद परिवार र आमनागरिकको जीवनमा परिवर्तन ल्याउन सक्नुपर्ने बताए । सरकारले मनपरी सहिद घोषणा गर्नुले पनि सच्चा सहिदको उपेक्षा भएको उनको भनाई छ । देशमा प्रजातन्त्र ल्याउन जीवन उत्सर्ग गरेका सहिदलाई हरेक सरकारले गलत व्याख्या गरेर सहिद घोषणा गर्नुले उनीहरुको अपमान भएको अध्यक्ष तिमिल्सेनाले बताए । तिमिल्सेनाले भने जस्तै २०६२/०६३ को राजनीतिक परिवर्तनपछि बनेका हरेक सरकारले विभिन्न आन्दोलनका नाममा ज्यान गुमाएकालाई आफू अनुकूल सहिद घोषणा गर्दा सच्चा सहिद ओझेलमा परेका छन् । सहिदहरुले जुन कारणले आफ्नो जीवन उत्सर्ग गरे त्यो अहिलेसम्म पूरा हुन सकेको छैन । देशमा प्रजातन्त्र ल्याउन सहिदले जीवन उत्सर्ग गरे, तर अहिले लोकतन्त्र हुँदै गणतन्त्र आइसक्यो, जनतामा निराशा बढ्दो छ, राजनीतिक दलले सहिद उपमालाई गलत व्याख्या गरेर पार्टी पिच्छे सहिद घोषणा गर्नुले उनीहरुको अपमान भएको हो । नेपालमा अक्सर चार सहिद गंगालाल, दशरथ चन्द, धर्मभक्त र शुक्रराज शास्त्रीको नाम लिइन्छ । लखन थापा मगर पहिलो सहिदका रूपमा चिनिन्छन् । तर उनीहरुको योगदानको कदर हुन नसक्दा सहिदको अबमूल्यन भएको छ । जसरी सहिद प्रति सच्चा सुमन हुनुपर्ने हो, सहिदले देखाएको बाटोमा जानुपर्ने हो त्यो हुन नसक्नु दु:खद् हो ।

## पाल्पामा सहिद दिवस : टुँडिखेलको 'जेष्ठ नागरिक पार्क' सरसफाइ

**पाल्पा,** माघ १६/बुधबार पाल्पासहित देशैभर विविभन्न कार्यक्रम गरी सहिद दिवस मनाइएको छ । प्रजातन्त्र स्थापना एवं पुन:स्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहूति दिने सहिदको सम्झनामा विविध कार्यक्रम गरी दिवस मनाइएको हो ।

दिवसका अवसरमा पाल्पामा सहिदको तस्वीरमा माल्यार्पण सहित सरसफाइ गरिएको छ । तानसेन नगरपालिकाको आयोजनामा टुँडिखेल खेलमैदान परिसरस्थित 'जेष्ठ नागरिक पार्क' जिल्लाका राजनीतिक दल, जनप्रतिनिधि, पत्रकार, राष्ट्र सेवक कर्मचारी, सरसफाइकर्मीहरुको सहभागितामा सरसफाइ गरिएको हो । सहभागीहरुले हातमा झाडुँ लिएर पार्कमा भएका प्लाष्टिक, पातपतिंगरहरु सरफाइ गर्नुको साथै त्यहाँ भएका रुखहरुमा पानी समेत राखेका थिए ।



सरसफाइमा निस्कनु अघि सहभागीहरुले सहिदको तस्वीरमा पुष्पार्पण र माल्यार्पण गरेका हुन् । सहिदहरुको तस्विरमा पुष्पार्पण गर्दै लुम्बिनी प्रदेश सांसद एंव पूर्व मन्त्री वीरबहादुर रानाले मुलुक निर्माणमा सहिदहरुको महत्वपूर्ण योगदान रहे पनि उनीहरुले पहिल्याएको बाटोमा हिड्न नसकिएको बताए । सांसद रानाले 'मुलुकमा व्यवस्था परिवर्तन भयो तर जनताको अवस्थामा अझै परिवर्तन आउन सकेको छैन । जबसम्म जनताको अवस्थामा परिवर्तन हुन्न तबसम्म सहिदको सपना पुरा हुन्न ।' उनले सहिदको सपना पुरा गराउने दिशामा लाग्न सबैलाई आग्रह गरे । सांसद रानाले सहिदहरुकै बलिदान र प्रेरणाबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति भएको र यस प्रणालीमा सम्पूर्ण शक्तिको स्रोत सार्वभौम जनता भएको उल्लेख गरे । उनले यस प्रणालीलाई सबल र दिगो बनाउन जनताका प्रतिनिधिले सोही भावनाका साथ काम गर्नुपर्नेमा जोड दिए । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले राणा शासनको अन्त्यका लागि र विभिन्न कालखण्डमा लोकतन्त्रका लागि संघर्ष गरेर बलिदान दिएका महान् सहिदहरुले देशका लागि दिएको योगदान महत्वपूर्ण भएको बताए । उनले भने 'व्यवस्था परिवर्तन गर्न सहिदहरुले महत्वपूर्ण भूमिका खेले अब जनताको अवस्थामा परिवर्तन गर्न राजनीतिक दलहरु लाग्न जरुरी छ ।' तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले सहिदको योगदानको सम्मान गर्दै माघ १६ लाई सहिद दिवसको रुपमा मनाइएको बताए । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले विभिन्न आन्दोलनको जगमा अहिले संघीयतासहितको लोकतान्त्रिक प्रणालीमा आइपुगेको उल्लेख गर्दै लोकतन्त्रका खातिर जीवन आहुति दिने सहिदको सपनालाई साकार पार्नु सबैको साझा दायित्व भएको बताए । पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले पनि जनताको अवस्थामा परिवर्तन नहुँदा सम्म सच्चा सहिदको सम्मान हुन नसक्ने बताए । उनले हरेक वर्ष सहिदका नाममा औपचारिक कार्यक्रम गरेर उनीहरुको सम्मान नहुने भन्दै सहिद परिवार र आमनागरिकको जीवनमा परिवर्तन ल्याउन सक्नुपर्ने बताए । नगर प्रमुख सन्तोषलाल श्रेष्ठको अध्यक्षता, नगरपालिकाका सरसफाइ शाखा प्रमुख शंकर भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सोनाम ल्होसारको सन्देश

नेपाली समाजमा विभिन्न जातजाति र समुदायको आ–आफ्नै मौलिक चाडपर्वहरु रहेका छन् । नेपालको जनसंख्यामध्ये करिब ५.८ प्रतिशत रहेको तामाङ समुदायको ठूलो पर्वका रुपमा सोनाम ल्होसारलाई लिने गरिन्छ । हिउँदे महिना अर्थात् पुस, माघ र फागुन ल्होसार पर्वले रंगिने मास हुन् । मूलतः भूगोल, ज्योतिष, पात्रो तथा जाति–भाषा नामले समय, तिथिमिति र नाममा फरक–फरक पर्न गएकाले ल्होसार पर्व फरक–फरक मितिमा मनाइएको देखिन्छ । प्रत्येक ल्होसारको शाब्दिक अर्थ र उपादेयतामा खासै विभिन्नता भने पाइन्न । प्रारम्भमा जातीय पर्वका रूपमा मात्र सीमित रहेका ल्होसार (ल्होछार) पर्वहरू आज एकातिर राष्ट्रिय उत्सवका रूपमा विकसित भएको छ भने अर्कोतिर नेपालीले टेकेको विश्वको कुनै पनि भू–भागमा विस्तार भइरहेको छ । यसबाट नेपालको संस्कृतिको परिचय र भाइचारा सम्बन्ध बढिरहेकोमा सन्देह रहन्न ।फरक–फरक समुदायहरुले चाडपर्वहरु फरक –फरक तरिकाले मनाए पनि त्यसले दिने सन्देश भने एउटै हुने गर्दछ ।

सबै चाडपर्वहरुले एकताको सन्देश नै प्रवाह गरेका हुन्छन् । आज तामाङ समुदायले मनाउने पर्व सोनाम ल्होसारलाई नयाँ वर्षका रुपमा मनाउने गरेको पाइन्छ । ल्होसारका १२ वटै वर्ष पशुपंक्षीका नामबाट गणना गरिएकाले यसलाई प्रकृतिपूजकका रूपमा समेत लिने गरिन्छ । नयाँ वर्षका रूपमा तामाङ, शेर्पा, गुरुङ, मगर, थकालीलगायतका जातिले ल्होसार पर्व मनाउने गर्छन् । जाति नै पिच्छे फरक–फरक समयमा ल्होसार मनाउने चलन छ । जसले ल्होसार पर्वको महत्व झन् बढाएको छ । यस दिन राष्ट्रपति, प्रधानमन्त्री र नेताहरू तथा समाजका अगुवाहरूले समेत शुभकामना सन्देश प्रवाह गर्ने गर्दछन् । जसले गर्दा यो पर्वको महत्व झन् बढेर गएको छ । हाम्रो चाहना पनि चाडपर्वमा सबैको अपनत्व होस् भन्ने नै हो । चाडपर्वहरूले नेपालीमा एकताभाव बलियो बनाउन र सहिष्णु प्रदान गर्न सक्नुपर्दछ । जतिसुकै सानो वा अल्पसंख्यक समुदायकै पर्व भए पनि त्यसले दिने सन्देश एउटै हुन्छ । मुलुकलाई समृद्ध बनाउने अर्थतन्त्रले मात्रै होइन, जनताका चाडपर्व र संस्कृतिहरूले पनि हो । तसर्थ सांस्कृतिक समृद्धिका लागि सोनाम ल्होसारले दिने सन्देश महत्वपूर्ण रहन्छ ।

## Opinion @ Social Network


आफैसग दिक्क भयर पनि कहाँ जाने होर चिता सम्म पुग्न पनि मलामी चाहिदो रहेछ ।
**कृष शर्माको *फेसबुकबाट***;*https://www.facebook.com.Krish.Sharma*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय तहले विद्यालय शिक्षाको जिम्मेवारी वहन गर्लान् ?



रमेशप्रसाद लामिछाने

*स्थानीय जनप्रतिनिधिका रुचि र चाहना अनुसारका शिक्षक मिलाउने प्रयत्न गर्दा सीधा राजनीतिक हस्तक्षेप भएको देखिन्छ । विद्यालयका प्रधानाध्यापकहरू प्रचलित कानून बमोजिम व्यवस्था गर्न नसक्नु, सरुवामा आफ्ना मान्छे रोज्नु, आर्थिक चलखेललाई प्राथमिकता दिनु, विद्यालयको आवश्यकता भन्दा पनि प्रतिनिधिकै रोजाइमा मात्र केन्द्रित देखिनु, आर्थिक सहयोग गर्दा कमिशन अर्थात् अतिरिक्त रकम आर्जनको रुचि राख्नु, विद्यालयमा शिक्षण सिकाइको स्तरोन्नति तर्फभन्दा पनि व्यक्तिगत चाहनाका गैर शैक्षिक क्रियाकलापमा दबाव दिनु जस्ता क्रियाकलापबाट अधिकांश स्थानीय प्रतिनिधिहरू आलोच्य बनेका छन् । आफ्नो मान्छे छैन भने र चाकडी नगर्ने स्वाभिमानी प्रधानाध्यापक भएका विद्यालयको खोइरो खन्ने र समुदायमा समेत नकारात्मक अफवाह फैलाउने काम गर्ने जनप्रतिनिधिहरू पनि देखिएका छन् । विद्यालयको समग्र शैक्षणिक क्रियाकलापमा सहयोग पुग्ने अनुगमन तथा सुपरीवेक्षण गर्ने क्षमता र सीप भएका योग्य तथा सक्षम शैक्षिक जनशक्ति स्थानीय तहको अर्को जरूरी सबाल हो ।*

नेपालको संविधान-२०७२ को भाग-३ मा व्यवस्था भएको मौलिक हक र कर्तव्य अन्तर्गत धारा-३१ मा शिक्षा सम्बन्धी हक उल्लेख गरिएको छ । यस धाराको दफा–१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र दफा-२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै यसै संविधानको अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको अधिकार सूची नं. ७ मा आधारभूत र माध्यमिक शिक्षा भनी किटानी गरिएको छ । सँगै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची नं. २ मा शिक्षा, खेलकुद र पत्रिका भनी उल्लेख गरिएको छ । शिक्षा अन्तर्गत शिक्षक कर्मचारीको पारिश्रमिक व्यवस्थापन, शिक्षक कर्मचारी दरबन्दी मिलान, सरुवा, पाठ्यक्रम, परीक्षा, नतिजा, सामग्री व्यवस्था, पुस्तकालय, तालिम आदि शीर्षकहरूमध्ये तोकेर नै संघले यो जिम्मा लिने, प्रदेशले गर्नै पर्ने र स्थानीय तहले यी काम शिक्षामा गर्ने भनी किटानी गरिएको भए हालको शैक्षिक संकट धेरै हदमा समाधान भइसक्थ्यो भन्न सकिन्छ । देशको मूल कानून संविधान निर्माणका समयमा शिक्षामा गम्भीरता पटक्कै नभएको कारणले अहिले समस्याहरू बढेका हुन् ।

संविधानले हाम्रा स्थानीय तहहरूलाई करिब स्वायत्त अर्थात् बेलगाम बनाएको देखिन्छ । सबै स्थानीय तहको अवस्था र हाम्रो समग्र भूगोलको आवश्यक विश्लेषण नभएको कारणले शिक्षा लगायतका अरू क्षेत्रमा समेत विवाद कायमै छ । घरघरमा सिंहदरबारको नारा सकारात्मक रूपमा लिनै पर्दछ । उपलब्ध साधन र श्रोतको सही आकलन पहिलो शर्त हो । जनशक्तिको परिचालन र व्यवस्थापन झनै पेचिलो मुद्दा बनेको सन्दर्भ भुल्नै नहुने विषय हो । स्थानीय तहहरूमध्ये ६ वटा महानगरको अवस्था प्रत्येक कोणबाट सबल र सक्षम भन्न सकिन्छ । त्यस्तै ११ वटै उपमहानगरहरू पनि धेरै हदमा क्षमतावान् र सबल छन् भन्दा अत्युक्ति नहोला । सबल र सक्षम सँगै कामका लागि नियत पनि उत्तिकै स्पष्ट र सफा हुनैपर्दछ । सँगै २७६ वटा नगरपालिकाहरू सबै सबल र क्षमतावान् छन् भन्न सकिन्न । अझ ४६० वटा गाउँपालिकाहरूको अवस्था एकाध बाहेक अधिकांशको स्थिति नाजुक र कमजोर देखिन्छ । सत्य तितो र सहन गाह्रो अनि स्वीकार्न अलि कठिन हुन्छ नै । जनप्रतिनिधिहरूमध्ये शिक्षित अर्थात् शिक्षाको महत्व बुझ्न सक्ने क्षमता भएकाहरू अत्यन्त न्यून रहेको तथ्य जगजाहेर छ । नियत राम्रो भएर पनि काम गर्न नसकेका जनप्रतिनिधि पनि धेरै छन् । कर्मचारी संयन्त्र सधैं जागिरमुखी भएको यथार्थ नमिठो लाग्न सक्छ । शिक्षाको कोणबाट हाम्रा स्थानीय तहहरू अधिकांश लथालिंग भन्नै पर्दछ । प्रमाणका लागि एसईई र कक्षा १२ को नतिजालाई लिन सकिन्छ । विद्यालय मात्र हैन कैयौं गाउँपालिकाको नै नतिजा शून्य रहेको स्थिति छ । नगरहरूमा पनि कतिपय वडाहरू शून्य नतिजाले चिन्तित देखिए । भौतिक कोणबाट हेर्दा २०७२ सालको विध्वंसकारी भूकम्पपश्चात् अधिकांश शिक्षण संस्थाहरू सबल बनेका छन् । केही भवन अझै निर्माण भैरहेका छन् । गाउँ-गाउँका नयाँ बनेका विद्यालय भवनहरूले विकसित मुलुकको झल्को दिएका छन् । फर्निचर तथा कक्षाकोठा स्तरीय देखिन्छन् । शौचालय, पिउनेपानी, खेल मैदान, कम्पाउण्ड आदिको अवस्था पछिल्ला वर्षहरूमा मजबूत बनिरहेका छन् भन्दा विमति नहोला । प्रविधिको कोणबाट कम्प्युटर ल्याब, प्रोजेक्टर, सिसीक्यामेरा, अडियो भिजुअल सिस्टम, स्मार्ट टिभी, स्मार्ट बोर्ड समेतबाट प्रविधियुक्त कक्षाकोठा मात्र हैन शिक्षक, विद्यार्थीहरू ल्यापटप बोकेर सिक्ने-सिकाउने वातावरणको प्रशंसा गर्नै पर्दछ । कोभिड महामारीले शिक्षालाई प्रविधिको निकट बनाएको पक्ष सकारात्मक रूपमा लिनै पर्दछ । यी सुविधाहरूका बावजुद पनि गाउँका विद्यालयहरू रित्तिँदै जानु र कमजोर नतिजाले डरलाग्दो भविष्यको संकेत गरिसकेको छ । संविधानलाई मिचेर शिक्षामा संघको हस्तक्षेप भएको स्थानीय तहको आरोप सुन्न सकिन्छ । विषयगत शिक्षकको अभाव, न्यून दरबन्दी, सरुवामा समस्या जस्ता कारण देखाएर स्थानीय तहहरू पानीमाथि ओभानो बन्ने कसरत देखाइरहेका छन् । स्थानीय जनप्रतिनिधिका रुचि र चाहना अनुसारका शिक्षक मिलाउने प्रयत्न गर्दा सीधा राजनीतिक हस्तक्षेप भएको देखिन्छ । विद्यालयका प्रधानाध्यापकहरू प्रचलित कानून बमोजिम व्यवस्था गर्न नसक्नु, सरुवामा आफ्ना मान्छे रोज्नु, आर्थिक चलखेललाई प्राथमिकता दिनु, विद्यालयको आवश्यकता भन्दा पनि प्रतिनिधिकै रोजाइमा मात्र केन्द्रित देखिनु, आर्थिक सहयोग गर्दा कमिशन अर्थात् अतिरिक्त रकम आर्जनको रुचि राख्नु, विद्यालयमा शिक्षण सिकाइको स्तरोन्नति तर्फभन्दा पनि व्यक्तिगत चाहनाका गैर शैक्षिक क्रियाकलापमा दबाव दिनु जस्ता क्रियाकलापबाट अधिकांश स्थानीय प्रतिनिधिहरू आलोच्य बनेका छन् । आफ्नो मान्छे छैन भने र चाकडी नगर्ने स्वाभिमानी प्रधानाध्यापक भएका विद्यालयको खोइरो खन्ने र समुदायमा समेत नकारात्मक अफवाह फैलाउने काम गर्ने जनप्रतिनिधिहरू पनि देखिएका छन् । नातामा वा राजनीतिक दलमा आफूनिकट रहेकाहरू नियमित स्कूल जान नपर्ने, गए पनि कक्षा जान अल्छी गर्ने, शिक्षण सिकाइको तयारी नभएका, आर्थिक लोभलालच गर्ने, नेताका प्रशंसा र चाकडीमा दौडिरहने, विद्यार्थी र अभिभावकका बीच अलोकप्रिय भएतापनि त्यस्ता शिक्षकहरू मात्र रोजेर खोजेर संरक्षण गरिएकाले नै नतिजा राम्रो नआएको भन्न सकिन्छ । शिक्षक आफू अनुकूल हुनुपर्ने स्थिति नै दुर्भाग्यपूर्ण भन्नै पर्दछ । स्थानीय तहका शिक्षा शाखाहरू अपेक्षित रूपमा सबल र सक्षम नहुनाले नै समस्या भएको देखिन्छ । आवश्यक जनशक्तिको अभाव पहिलो स्थिति हो । कतिपय पालिकाले शिक्षकहरू काजमा तानेर शैक्षिक प्रशासनका काममा लगाउने अवस्था राम्रो भन्न सकिन्न । प्रदेश तथा संघमा शिक्षाका धेरै उपसचिव तथा सहसचिव स्तरका कर्मचारी जिम्मेवारी विहीन भई हाजिर मात्र गरी जागिर खाइरहेको समाचार बाहिर आएकै छ । यो सिधै कर्मचारी मिलानमा देखिएको समस्या हो । कक्षा ८ को अर्थात् आधारभूत तहको अन्तिम परीक्षाको अभिभारा कानूनले स्थानीय तहलाई दिएको छ । उक्त परीक्षा व्यवस्थित गर्न नसकेर स्थानीय तहका प्रश्नपत्र र नतिजाका हर्कत मिडियामा छरपष्ट भएको धेरैलाई थाहा छ । अर्कोतर्फ, पाठ्यक्रमले निर्धारण गरेको कक्षा १-५ को स्थानीय पाठ्यक्रम अलपत्र देख्न सकिन्छ । कतिपय पालिकाले प्रयत्न गरेर पनि नियमित गर्न नसकेको र धेरैले बनाउने पहल नै नगरेको त सबैलाई थाहा छ । धेरै पालिकाले भने स्थानीय भाषाको नाममा अंग्रेजी विषय रोजेको र नगण्यले भने मातृभाषाको पाठ्यपुस्तक नै तयार गरी प्रयोगमा ल्याएको समेत पाइएको छ ।

विद्यालयको समग्र शैक्षणिक क्रियाक्लापमा सहयोग पुग्ने अनुगमन तथा सुपरीवेक्षण गर्ने क्षमता र सीप भएका योग्य तथा सक्षम शैक्षिक जनशक्ति स्थानीय तहको अर्को जरूरी सबाल हो । अन्त्यमा, विद्यालय शिक्षा ऐन ल्याउने तयारीमा रहेको बेला शिक्षक व्यवस्थापन सहित विद्यालयहरू संघ मातहत नै रहनुपर्छ भन्ने र संवैधानिक व्यवस्थालाई अक्षरश: पालना हुनुपर्छ भन्नेहरू बीच दोहोरी चलिरहेको हालको अवस्थामा विद्यालय शिक्षाको समग्र भार स्थानीय तहले वहन गर्ने सवालमा माथि उल्लेख भएको स्थितिका आधारमा शंका देखिनु अन्यथा होइन । शुरुआतमा पूर्व प्राथमिक तहदेखि कक्षा ५ सम्मको शैक्षिक जिम्मेवारी स्थानीय तहमा सुम्पिएर कक्षा ८ सम्मको जिल्लास्तरमा र कक्षा ९ र १० लाई प्रदेशअन्तर्गत अनि कक्षा ११ र १२ लाई संघ मातहतकै बनाइनु वैज्ञानिक हुन सक्छ । यस्तो अभ्यास शर्तात्मक र आवधिक बनाउन सकिन्छ । समग्रमै पनि विषय क्षेत्र किटानी गरी तीनै तहमा जिम्मेवारी तोक्न पनि त सकिन्छ । आउँदै गरेको विद्यालय शिक्षा ऐनले यो विषयलाई वस्तुगत धरातलको गहिराइसम्म पुगेर प्रत्यक्ष सम्बन्धित सरोकारवर्गको सम्बोधन हुने अपेक्षा गरिएको छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५९९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो गल्तीहरू सुधार्ने प्रयास गर्नुहोला। शत्रुहरूबाट टाढै बस्नुहोस्। | **तुला** : वैचारिक मतभेद सुल्झिनेछ।कानुनी मामिलामा सफलता हात लाग्नेछ। |
| **बृष** : ठूलो सफलता हात लाग्नेछ। आफ्नो स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **बृश्चिक** : विचार विमर्श अवश्य गर्नुहोस्। स्वास्थ्यले साथ दिनेछ। |
| **मिथुन** :लगनशीलताको परिचय दिनुहोस्। कामलाई बीचमा छोड्नुपर्ने सम्भावना रहेको छ। | **धनु** :लेनदेनमा ध्यान दिनुपर्ने हुन्छ। शिक्षाको क्षेत्रमा नयाँ मार्ग प्रशस्त हुनेछ। |
| **कर्कट** : परीक्षामा सफलता मिल्नेछ। सरकारी संस्थाबाट लाभ प्राप्त होला। | **मकर** :मन प्रसन्न रहनेछ।व्यापार व्यवसायमा नयाँ अनुबन्ध हात लाग्नेछ। |
| **सिंह** : लगानीबाट लाभ मिल्नेछ ।सन्तानको प्रगतिलाई लिएर चिन्ता रहनेछ। | **कुम्भ** : शत्रुमाथि विजय पाइनेछ। आलोचकहरू आफै पन्सिनेछन्। |
| **कन्या** : मित्रहरूको सहयोग मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **मीन** : आत्तिएर निर्णय नलिनुहोला।कार्य असफल हुनाले मन अप्रसन्न रहनेछ। |




वर्णनात्मक निबन्ध — त्रिचन्द्र 'प्रतीक्षा'

# आलुको रामकहानी



'आलु' शब्दको अर्थलाई नेपाली शब्दसागरमा 'अन्न, तिउन, तरकारी र अचारमा मिलेर वा सट्टामा भोजन बन्ने कन्द विशेष, कासकन्द, कासालु, पेचक' भनेर उल्लेख गरिएको पाइन्छ । नेपालीमा खासै राम्रो अर्थ दिँदैन 'आलु खाने' भन्ने शब्दले । 'आलु खाइस् !' भनेर कसैले भन्यो भने जो कसैको पनि कन्सिरी तातेर आउँछ । नेपालमा हरेक वर्ष गोबर्द्धन पूजाको दिन आलु कवि महोत्सव मनाइने गरिन्छ । सहभागी कविहरुले आलुका ५ थरिका परिकार खाएर आलुकै बखान स्वरुप कविता वाचन गरेर 'आलु कवि महोत्सव' मनाउँदै आइरहेको धेरै वर्षभैसकेको छ । तरकारीको राजा नै मानिने आलु विश्वभरि सबैभन्दा बढी उपयोग गरिन्छ । आलुलाई सदाबहार तरकारीमै मात्र दर्जा प्राप्त छैन । यसमा विलक्षण औषधिय गुण समेत छ । नेपाली खानामा आलुको महिमा अपरम्पार छ । आलु तामा, आलु परौठा, आलु दम, आलुको अचार, आलु जिरा, आलु चिउरा के मा छैन आलु ? त्यसैले भीमनिधि तिवारीको शब्दमा 'मध्यम वर्गको श्रीमती' नै बनेको छ आलु, जे गरे पनि हुने अनि जसरी खाए पनि हुने । हामीले आलुले चिनिने वैज्ञानिक नाउँ 'सोलोनम ट्युवरोसस' हो । आलुको बारेमा अनुसन्धान गर्न पेरुमा अन्तर्राष्ट्रिय आलु अनुसन्धान केन्द्रनै स्थापना गरिएको छ । कोलम्बियामा 'आयोम्जा' अनि 'आयो मी' भनिने आलुले वोलिभियामा नाम पाएको छ- 'आयोमारा' । त्यही आलु चिलीमा 'पौनी', स्पेनमा 'पोया' अनि भारतको गुजरातीमा 'बटाटा' को नामले चिनिन्छ । संस्कृतको बटाटाबाट 'पटाटा' र त्यसैबाट अंग्रेजी शब्द 'पोटाटो' बनेको हो । हल्यान्डमा 'वेल टेरो' भनिने आलु विश्वकै ठूलो उत्पादक राष्ट्र चीनमा भने 'अर्थ विन' तथा 'ग्राउण्ड नट' ले चिनिन्छ भने फ्रान्समा भने 'पम द तेरे' अर्थात् जमिन मुनि फल्ने स्याउको संज्ञा दिने गरिन्छ । आलु पोषक र बलवर्द्धक कासकन्द हो । मध्यम खाले एउटा आलुको डल्लामा ११२ क्यालोरी उर्जा हुन्छ । आलुमा २० प्रतिशत स्टार्च, २ प्रतिशत प्रोटिन, १ प्रतिशत खनिज र ८० प्रतिशत पानी हुन्छ । १०० ग्राम आलुको खानयोग्य भागमा २२.९ प्रतिशत कार्वोहाइड्रेट, १.६ प्रतिशत प्रोटिन, ७४.७ प्रतिशत पानी, ०.०१ ग्राम बोसो, ०.६ ग्राम मिनरल्स, .०१ प्रतिशत क्याल्सियम, ०.०३ प्रतिशत फस्फोरस पाइन्छ । यस्तै प्रतिसय ग्राम आलुमा भिटामिन 'ए' ४० आई.यु र फलाम ०.७ मिल्रिाम पाइन्छ । समथर मैदानी भूभागदेखि चिसो पहाडसम्म एकछत्र उत्पादन हुन्छ आलु । अफ्रिकादेखि एशिया अनि युरोपदेखि अमेरिकासम्म आलु उत्पादन नहुने कुनै क्षेत्र नै बाँकी छैन । आलुको उत्पत्ति २ हजार वर्षन्दा पहिला र्सवप्रथम दक्षिण अमेरिकाको पेरुमा भएको कुरो वैज्ञानिकहरु बताउँछन् । त्यसपछि सत्रौं शताब्दिमा स्पेनका नाविकहरुले पेरु जितेपछि आलुलाई स्पेनमा ल्याएको देखिन्छ भने सन् १५८० मा कोलम्बसले स्पेनबाट युरोप लगिएको पाइन्छ । युरोपको जर्मनी, अष्ट्रिया, फ्रउन्स, र्पुतगाल आदि देशमा फैलिन करीब २०० वर्षलागेको आलुलाई र्पुतगालीहरुले भारतीय उपमहाद्वीपमा प्रवेश गराएको जानकारी इतिहासमा पाइन्छ । तर हिन्दूहरुको प्राचीन ग्रन्थ वेदमा एवं आर्युर्वेदिक ग्रन्थ चरक संहितामा पनि आलूक र आलु एउटै देखिएकोले हाम्रो यहाँ आलुको उपस्थिति त्यो भन्दा निकै पहिलेनै भइसकेको देखिन्छ । वैज्ञानिकहरु आलुलाई भिटामिन 'सी' को महत्वपूर्ण स्रोत मानिन्छ । यसको कमी भएमा 'स्कर्भी' भन्ने रोग लाग्दछ र त्यसले मृत्युसम्म पनि हुन सक्दछ । सन् १८४७ मा आयरल्याण्ड, सन् १९०४ मा नर्वेमा र सन् १९१६ मा बेलायतमा आलुको संकट परेको थियो र त्यतिबेला ती देशहरुमा ठूलो संख्यामा मानिसहरुको मृत्यु भएको थियो । स्पेनका अनुसन्धानकर्ताहरुका अनुसार जो व्यक्तिले दैनिक आलु खान्छन् उनीहरुमा रोगसँग भिड्ने सामर्थ्य बढ्छ । आलुलाई अनाजमा पूरक आहारको स्थान प्राप्त छ । सबै प्रकारको आलु शितल, मलरोधक, मल तथा मूत्रलाई उत्पन्न गराउने र रक्तपित्त हटाउने मानिन्छ । आलुको बारेमा शोधकर्ताहरु शैला बिंघम, एडिन केसिदी तथा जोन कमिङ्गस नामक तीन पोषणविद्हरुका अनुसार छातीको क्यान्सर रोक्नको लागि आलुको सेवनले फाइदा पुऱ्याएको कुरा आफ्नो अनुसन्धानको तथ्यलाई पुष्टि गर्दै हालैको ब्रिटिश जर्नल अफ क्यान्सर नामक शोधमूलक पत्रिकामा प्रकाशित गरेका छन् । पोषणविद्हरुका अनुसन्धान अनुसार मानिसहरुले सेवन गर्ने आलुमा हुने स्टार्चको मात्रा र छाती, आन्द्रा तथा मलाशयमा हुने क्यान्सरको गहिरो सम्बन्ध हुन्छ । त्यसैले जसले खानामा बढी मात्रामा आलुको सेवन गर्ने गर्छ, तिनीहरुमा क्यान्सर हुने सम्भावना कम हुन्छ । उनीहरुले गरेको १२ देशहरुको अध्ययन अनुसार अष्ट्रेलियाका लोग्ने मानिस र अमेरिकाका महिलाहरु प्रतिदिन १०० ग्रामभन्दा कम आलुको सेवन गर्ने गर्छन् भने चीनका बासिन्दा सरदर दैनिक ३७० ग्राम आलु भोजनमा सेवन गर्ने गर्छन् । चीनियाँहरुको खानामा र्स्टार्चको मात्रा बढी हुने हुँदा अष्ट्रेलियन तथा अमेरिकीभन्दा ज्यादै कम क्यान्सर रोग भएको कुरा पुष्टि गरेका छन् । उनीहरुको शोधपत्रमा उसिनेको आलुमा र्स्टार्चको मात्र बढि हुने भएको हुनाले उसिनेको आलुलाई सेवन गर्न समेत सुझाएका छन् । आर्युर्वेदिक ग्रन्थ भाव प्रकाश निघण्टुका अनुसार आलु कफ र वायु गर्ने, बलप्रद, वीर्यवर्धक र अल्प मात्रामा अग्निवर्धक समेत भनेर उल्लेख गरिएको पाइन्छ । वैज्ञानिकहरुका अनुसार आलुको छोक्रा हटाएपछि त्यो संगै केही पोषकतत्व समेत बाहिर गइहाल्छ । आलुलाई उमालेपछि बाँकी रहेको पानीमा भिटामिन रहने भएकाले त्यो पानीलाई फ्याँक्नुको सट्टा तरकारी वा दालमा मिसाएर खानुपर्ने सल्लाह दिन्छन् । स्तनपान गराउने आमाले आलु सेवन गर्दा दूधमा वृद्धि हुने गरेको तथ्य फेला पारेको छ । यस्तै आर्युर्वेदिक प्रयोगका अनुसार आँखाको तल कालो घेरालाई हटाउन आलुलाई पिँघेर आँखाको चारैतिर लगाउँदा यसले कालो घेरा समाप्त हुन्छ । आलुमा पाइने पोटासियम साल्ट अम्लपित्त रोक्ने काम गर्छ । मृगौलाको पत्थरीमा आलुको सेवनले थुप्रै लाभ भएको पाइन्छ । चोट लाग्दा रगत जमेर हुने नीलो दागमा काँचो आलु पिँघेर लगाउनाले फाइदा पुग्छ । यस्तै तीव्र घाम वा लुले डढेको छालामा काँचो आलुको रस लगाउनाले छालामा निखार आउँछ । कालोपोतो, चाउरी परेको छाला आदिमा पनि आलुको रस लगाउँदा फाइदा पुग्ने कुरा आर्युर्वेदिक ग्रन्थ चरकमा उल्लेख भएको पाइन्छ । यस्तै ज्वरो आएकोलाई आगोमा पोलेको आलु खुवाउँदा फाइदा गर्छ । छाती पोलेको बेलामा रोगको स्थिति अनुसार काँचो आलुको रस दिनहूँ नियमितहरुले पिउनाले आराम हुन्छ भने दाँतको गिजा सुन्निने र गिजाबाट रगत आएमा तारेको आलु वा बोक्रासमेतको आलुको पातको सुप बनाएर पिउनाले फाइदा हुन्छ । विशेषगरि उच्च रक्तचापको बिरामीलाई साँझ बिहान काँचो आलुको रस २/२ चम्चा नियमित महिना दिनसम्म खुवाउने हो भने निकै लाभ गर्दछ । आलुको महिमा नेपालमा मात्र हैन विश्वभरिनै व्याप्त छ । बलौटेदेखि ओसिलो जस्तोसुकै माटोमा पनि फल्ने भएको कारण यसलाई भविष्यको खाद्यान्नको रुपमा चिनाउन थालिएको छ । 'ग्लोबल प्रडक्ट' को रुपमा लिने गरिएको आलुको ठूलो उत्पादकका रुपमा उभ्याएको थियो चीनले । वर्षोनी १० करोड दरमा जनसंख्या बढ्ने अनुमान गरिएको विश्वका जनताको पेट भराउन सकिने कुनै उपाय देखिएको छ भने त्यो आलु नै हो । विश्वको ठूलो जनसंख्या कुपोषणमा बाँचिरहेको र विस्तारै खाद्यान्न संकट भित्रिरहेको अवस्थामा आलुलाई भविष्यको भरपर्दो खाद्यान्नको अर्थात् 'ग्लोबल फूड' को रुपमा लिन थालेको छ ।

*-मझेरी डटकम*

बाल कथा — हर्षित इटनी

# मेरी आमाको संघर्ष



मेरो नाम हर्षित इटनी हो, र म मेरी आमाको अविश्वसनीय कथा साझा गर्न चाहन्छु । उहाँ सधैं मेरो प्रेरणा हुनुहुन्छ, र उहाँको संघर्षले मलाई जीवनमा धेरै महत्त्वपूर्ण पाठहरू सिकाएको छ । जब मेरी आमाले मेरो बुबा हेमप्रसाद इटनीसँग विवाह गर्नुभयो, उहाँ कलेज शिक्षक हुनुहुन्थ्यो । तर, बिहेपछि काठमाडौंस्थित माछापुच्छे बैंकका शाखा प्रबन्धक हुनुहुन्थ्यो । म जन्मेपछि, मेरो जीवनको पहिलो तीन वर्ष मेरी आमाले मेरो पूर्ण हेरचाह गर्नुभयो । उहाँले मलाई चाहिने सबै कुरा मसँग छ भनी सुनिश्चित गर्नुभयो, र कलेजहरूमा काममा फर्कने धेरै प्रस्तावहरू प्राप्त गरे पनि, उहाँले ती सबै अस्वीकार गर्नुभयो । किनभने तिनीहरू बिहानको सिृटका अवसरहरू थिए, र वहाँ मलाई कामदारको हेरचाहमा छोड्न चाहनुभएन । मेरो बुबा आृनो काममा व्यस्त हुनुहुन्थ्यो, त्यसैले मेरी आमा मसँगै घरमा बस्नुभयो । जब म पेन्टागन इन्टरनेशनल मोन्टेसरी स्कूलमा स्कूल जान थालें, मेरी आमाले यो जागीर खोज्ने समय हो भन्ने निर्णय गर्नुभयो । उहाँले मेरो विद्यालय नजीकै रहेको पेन्टागन इन्टरनेशनल कलेजमा लाइब्रेरियनको पद पाउनुभयो । यो जागीरले वहाँलाई काम र घरमा आफ्नो जिम्मेवारीहरू सन्तुलनमा राख्न अनुमति दियो र वहाँले मलाई पनि सधैं प्राथमिकतामा राखिराख्नुहुन्थ्यो । एकै समयमा, वहाँले पुस्तकालय र सूचना विज्ञानमा स्नातकोत्तर गर्ने निर्णय गर्नुभो । मैले वहाँलाई सधैं अध्ययन गरिरहन प्रोत्साहन गर्थें, र उहाँ जतिसुकै व्यस्त भए पनि उहाँ अनुशासित, लगनशील, दयालु सबैलाई हेरचाह गर्ने र सकारात्मक सोच भएको हुनुहुन्छ । सुखद पल धेरै समय बस्दैन भने झैं दु:खले छिटो निम्तो दियो, लगत्तै भैरहवामा बस्ने मेरा मामाघरका हजुरबुवा हजुरआमा भयानक कार दुर्घटनामा पर्नुभो । उहाँहरू दुवै गम्भीर घाइते हुनुभयो र करिब छ महिनासम्म अस्पतालमा बस्नुपरेको थियो ।

मेरो मामा सुदीप भण्डारी अमेरिकामा आफ्नो परिवारसँग लगभग बीसौं वर्षदेखि बस्नुहुन्थ्यो र उहाँहरूले आर्थिक, र नैतिक रूपमा सहयोग गर्नुभयो, तर शारीरिक रूपमा मद्दत गर्न आउन सक्नुभएन । त्यसैगरी अमेरिकामा बस्दै आएकी मेरी ठुलो मामु शोभा खनालले पनि टाढाबाट धेरै सहयोग गर्नुभयो तर हेरचाह गर्न आउन सक्नुभएन । त्यसैले मामाघरको हजुरबाबा हजुरआमाको हेरचाह गर्ने सबै जिम्मेवारी आमाको काँधमा आयो । चुनौतीहरूका बाबजुद मेरी आमाले कहिल्यै गुनासो गर्नुभएन । उहाँले मेरो हजुरबुवा हजुरआमाको हेरचाह गर्न कडा मेहनत गर्नुभयो र आफ्नो पढाइ र घरको जिम्मेवारी पनि व्यवस्थित गर्नुभयो । मलाई याद छ, उहाँ हरेक रात करीब ४ देखि ५ घण्डा मात्र सुतेको हुनुहुन्थ्यो, तर सबैको हेरचाह गर्न कटिबद्ध भएकाले उहाँ सधैं अगाडि बढिरहन खोज्नुहुन्थ्यो । काठमाडौं विश्वविद्यालयले वहाँलाई विराट मेडिकल कलेज शिक्षण अस्पतालमा प्रमुख पुस्तकालयको पद प्रस्ताव गरेपछि वहाँको कडा परिश्रम सार्थक भयो । यो एक प्रतिष्ठित काम थियो, र हामी सबैले उहाँप्रति गर्व गर्यौं । जागीरले आवास, खाना, यातायात, र राम्रो तलब लगायतका धेरै फाइदाहरू लिएर आयो । मेरी आमाको काम प्रतिको समर्पण साँच्चै प्रेरणादायी थियो । यसै समयमा, हाम्रो परिवारमा नयाँ खुसी थपिएको थियो - मेरी सुन्दर बहिनी, हर्षिता । तर चाँडै, हामीलाई अर्को चुनौतीले हान्यो । मेरी मामाघरकी हजुरआमा कोविड १९ महामारीको समयमा धेरै बिरामी हुनुभयो र महीनौं आइसियु मा राख्नुपर्‍यो । उही समयमा मेरी आमाले आफ्नो चार महीनाकी छोरी मेरी बहिनीको हेरचाह गर्नुपर्थ्यो भने अर्कोतिर हजुरआमा अशक्त हुनुहुन्थ्यो र उहाँलाई निरन्तर हेरचाह गर्नुहुन्थ्यो । यो एकदमै गाह्रो अवस्था थियो, र मेरी आमाले सक्दो गर्नुभयो । उहाँले यस पालि आफ्ना दाजु, भाउजू र दिदीलाई मद्दत गर्न बोलाउनुभयो, तर महामारीका कारण उहाँहरू आउन सक्नुभएन । उहाँहरूले हामीलाई आर्थिक र नैतिक रूपमा सहयोग गर्नुभयो, तर मेरी हजुरआमाको शारीरिक हेरचाह गर्न कोही आउन सक्नुभएन । यो एकदमै गाह्रो अवस्था थियो, र मेरी आमाले मद्दत गर्न सक्ने कामदार खोज्न प्रयास गर्नुभयो तर यस्तो कठिन जिम्मेवारी लिन कोही पनि तयार भएनन् । अन्तत: मेरी आमाले धेरै साहसी निर्णय लिनुभयो- उहाँले आफ्नो प्रतिष्ठित काम छोड्ने र आफ्नी आमाको हेरचाहमा ध्यान केन्द्रित गर्ने निर्णय गर्नुभयो । समाजले प्राय: वृद्ध आमाबाबुको हेरचाह गर्ने जिम्मेवारी छोराको हो भनेर विश्वास गर्छ, तर मेरी आमाले यी नियमहरू सुन्नुभएन । छोरीको हैसियतमा यो आफ्नो कर्तव्य हो भनी वहाँलाई थाहा थियो र उहाँ आफ्नो निर्णयमा अडिग रहनुभयो । उहाँले आफ्नी आमालाई आवश्यक सबै हेरचाह दिए, थेरापीदेखि सन्तुलित आहारसम्म, र उहाँलाई निको गराएर छोड्ने प्रतिबद्धताका साथ दिनरात सेवा गर्नुभयो । उहाँको समर्पणको कारण, मेरी मामाघरकी हजुरआमा बिस्तारै सुधार भएर केही समयपछि स्वास्थ्यलाभ गर्नुभयो । यो हाम्रो परिवारका लागि गर्वको क्षण थियो, किनकि हामीले आमाको अथक प्रयासको परिणाम देख्न पायौं । मेरी हजुरआमा निको भएपछि, मेरी आमा काममा फर्कनुभयो । उहाँले रूपन्देहीको ब्रिटिस ग्रामर स्कूलमा लाइब्रेरियनको जागीर पुन: शुरू गर्नुभयो र पछि लुम्बिनी बौद्ध विश्वविद्यालयमा लाइब्रेरियनको रूपमा प्रतिष्ठित सरकारी जागीरका लागि छनोट हुनुभयो । ब्रिटिस व्याकरण स्कूलमा पुस्तकालय सल्लाहकारको रूपमा पनि काम गर्नुहुन्छ । मेरी आमाको यात्रा संघर्षले भरिएको छ, तर यो ठूलो सफलताको कथा पनि हो । उहाँले कडा परिश्रम, त्याग र प्रेमले जे पनि सम्भव छ भन्ने प्रमाणित गर्नुभयो । उहाँ एक महान् आमा, छोरी, पत्नी र कुशल लाइब्रेरियन हुनुहुन्छ, र उहाँले मलाई हरेक दिन प्रेरित गरिरहनुभएको छ । मलाई मेरी आमा र उहाँले हासिल गर्नुभएको सबै कुरामा गर्व छ । उहाँको कथा शक्ति, साहस र प्रेमको छ र यो सधैं मेरो लागि प्रेरणाको स्रोत हुनेछ ।

*-साहित्यपोस्ट डटकम*

*मेरी आमाको काम प्रतिको समर्पण साँच्चै प्रेरणादायी थियो । यसै समयमा, हाम्रो परिवारमा नयाँ खुसी थपिएको थियो – मेरी सुन्दर बहिनी, हर्षिता । तर चाँडै, हामीलाई अर्को चुनौतीले हान्यो । मेरी मामाघरकी हजुरआमा कोविड १९ महामारीको समयमा धेरै बिरामी हुनुभयो र महीनौं आइसियु मा राख्नुपर्‍यो । उही समयमा मेरी आमाले आफ्नो चार महीनाकी छोरी मेरी बहिनीको हेरचाह गर्नुपर्थ्यो भने अर्कोतिर हजुरआमा अशक्त हुनुहुन्थ्यो र उहाँलाई निरन्तर हेरचाह गर्नुहुन्थ्यो । यो एकदमै गाह्रो अवस्था थियो, र मेरी आमाले सक्दो गर्नुभयो । उहाँले यस पालि आफ्ना दाजु, भाउजू र दिदीलाई मद्दत गर्न बोलाउनुभयो, तर महामारीका कारण उहाँहरू आउन सक्नुभएन । उहाँहरूले हामीलाई आर्थिक र नैतिक रूपमा सहयोग गर्नुभयो, तर मेरी हजुरआमाको शारीरिक हेरचाह गर्न कोही आउन सक्नुभएन । यो एकदमै गाह्रो अवस्था थियो, र मेरी आमाले मद्दत गर्न सक्ने कामदार खोज्न प्रयास गर्नुभयो तर यस्तो कठिन जिम्मेवारी लिन कोही पनि तयार भएनन् ।*

# 'गैर कम्युनिष्टको सरकार बनाउनु नै ओलीको गल्ती'



**पाल्पा,** माघ १६/नेकपा माओवादी केन्द्रका उपमहासचिव तथा पूर्वमन्त्री वर्षमान पुनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कम्युनिष्ट सरकार छोडेर गैर कम्युनिष्टको सरकार बनाउनु ठूलो गल्ती गरेको बताएका छन् । नेकपा माओवादी केन्द्र रिब्दीकोट गाउँ समिति पाल्पाको तेस्रो अधिवेशनलाई बुधबार सम्बोधन गर्दै नेता पुनले यस्तो बताएका हुन् ।

उनले ओली कम्युनिष्ट नभएको बताए । नेता पुनले भने 'ओली कम्युनिष्ट एकता गर्न चाहनुहुन्न, ओली नै कम्युनिष्ट एकतालाई नै कमजोर बनाउने बाटोमा हिँडिरहेका छन् ।' उप सचिव पुनले ओलीले स्वर्ग र नर्कको कुरा गरेर छक्काएर कांग्रेससँग गएको आरोप लगाए । उनले काँग्रेस र एमालेको गठबन्धन गलत बाटोमा हिँडेकाले यो कुहिएर झर्ने समेत बताए । नेकपा माओवादी केन्द्र २०८४ सम्म सरकारमा नजाने नेता पुनको भनाई छ । कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य अनिल किशोर घिमिरे, नेकपा माओवादी केन्द्रका निर्वाचन आयोगका केन्द्रीय सदस्य चक्रव्यु थापा, रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्की लगायतले माओवादी अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारले जनपक्षी काम गरेकोले अहिले जनलहर देखिएको बताए । कार्यक्रममा अन्य पार्टीबाट त्याग गरी माओवादी पार्टीमा प्रवेश गर्नेलाई प्रमुख अतिथि पुनले माला लगाएर स्वागत गरेका थिए । माओवादी केन्द्रका रिब्दीकोट गाउँ समितिका अध्यक्ष हरिबहादुर कुँवरको अध्यक्षता,गाउँ समिति इन्चार्ज नेपबहादुर ओली नवीनको स्वागत, सचिव नारायण लाम्टांगेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# सोनाम ल्होसार मनाइँदै, आज सार्वजनिक बिदा




**पाल्पा,** माघ १६/तामाङ समुदायले माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व आज (विहबार) विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । आजदेखि मुसा वर्ष पूरा गरी गाई वर्ष प्रवेश हुन्छ ।

एसियाका अन्य कतिपय समुदायका क्यालेण्डरले जस्तै यो समुदायको क्यालेण्डरले पनि हरेक नयाँ वर्षलाई एउटा जीव जनावरको नाम दिने गरेको छ । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ किसिमका वर्ष हुन्छन् । तामाङ, गुरुङ,शेर्पा लगायत भाषामा ल्हो भनेको वर्ष र सार भनेको फेरिनु हो । ल्होसारका १२ वटै वर्ष पशुपक्षीको नामबाट गणना गरिएकाले प्रकृतिपूजक रहेको मानिन्छ । मञ्जुश्रीले पञ्चशीर्ष डाँडामा बसेर ८४ हजार ग्रन्थको धर्मदेशना गरेको ऐतिहासिक दिनबाट मञ्जुश्री संवत् सुरु भएको मान्दै ल्होछार मनाउन थालिएको जनविश्वास छ । नेपालका विभिन्न समुदायले फरक-फरक क्यालेण्डर मान्दै आएका छन् । सोनाम तथा ग्याल्बो ल्होसार, तमु ल्होसार लगायत ल्होसार पनि विभिन्न तिथिमा मनाउने गरिन्छ । यस वर्ष विहीबार मनाइने पर्वका अवसरमा सरकारले देशभर सार्वजनिक बिदा दिएको छ । सोनाम ल्होसार पर्व तामाङ समुदायको नयाँ वर्षको रूपमा प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन मनाइन्छ । यस पर्वमा तामाङ समुदायले कुल पूजा, प्रकृति पूजा र बुद्धका सन्देशको स्मरण गर्नुका साथै आफन्तजन भेला भई मनोरञ्जन गर्दै आपसमा खुसी आदानप्रदान गर्ने गर्दछन् । मुलुकका विभिन्न स्थानमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चाआदि जातिहरूले आआफ्नै शैली र परम्पराअनुसार यो पर्व मनाउँदै आएको पाइन्छ ।

# 'एचपिभी खोप अभियान सफल बनाउन सबै लागौं'



**हाम्रा संवाददाता**

**गुल्मी,** माघ १६/जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोण खत्रीले पाठेघरको मुखको खोप अभियान सफल बनाउन सबैलाई आग्रह गरेका छन् । स्वास्थ्य कार्यालय गुल्मीले आयोजना गरेको खोप समन्वय समितिका पदाधिकारी र सञ्चारकर्मीबीचको अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सरकारले सञ्चालन गर्न लागेको पाठेघरको मुखको क्यान्सर बनाउने ह्युमन प्यापिलोमा (एचपिभी) भाइरस विरुद्धका खोप अभियानमा सफल बनाउन सबैमा आग्रह गरेका हुन् ।

प्रमुख खत्रीले जिल्लामा यो अभियानलाई सफल बनाउन सबैको सहभागिता जरुरत रहेको बताए । जिल्ला खोप समन्वय समितिका संयोजक समेत रहेका उनले सरकारले यहि माघ २२ गतेदेखि फागुन ६ गतेसम्म सञ्चालन गर्न लागेको पाठेघरको मुखको क्यान्सर बनाउने ह्युमन प्यापिलोमा (एचपिभी) भाइरस विरुद्धको खोप अभियानमा लक्षित समूह कसैलाई पनि छुटाउन नहुने उल्लेख गरे । सरकारले यो अभियानमा कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीलाई खोप लगाउने भएको छ । लक्षित समूहमा खोप अभियान पुऱ्याउनका लागि आवश्यक समन्वय र सहजीकरण गरी खोप अभियान सफल बनाउन सबै पक्ष लाग्नुपर्नेमा प्रमुख खत्रीले जोड दिए । खोप अभियानका लागि विद्यालयमा खोप केन्द्र तोकिएको छ । खोप लगाउनका लागि यहाँ स्थानीय तहका स्वास्थ्यकर्मीलाई अभिमुखिकरण गरिएको छ । खोप अभियानलाई सफल बनाउन संघ, प्रदेश र स्थानीय तहका स्वास्थ्य, शिक्षा क्षेत्र, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सबैको सहभागिता हुनुपर्ने बताइएको छ । दुई नगरपालिका र दश गाउँपालिका गरी यस जिल्लाका १२ स्थानीय तहका विद्यालयमा अध्ययनरत ११ हजार ४४ छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका २४४ जना किशोरीलाई एचपिभी खोप लगाइने स्वास्थ्य कार्यालय गुल्मीका जनस्वास्थ्य अधिकृत पशुपति आचार्यले जानकारी दिए । उनका अनुसनर खोप लगाउनका लागि जिल्ला स्वास्थ्य कार्यालयले १८६ जना स्वास्थ्यकर्मी र ३७२ जना स्वास्थ्य स्वयंसेवक परिचालन गरिने छ ।

## खेलकुद समाचार


# एपीएफले जित्यो एन्फा महिला लिगको उपाधि



**काठमाडौं,** माघ १६/नेपाल पुलिस क्लबलाई हराउँदै सशस्त्र प्रहरी बलको एपीएफ क्लबले एन्फा महिला लिग फुटबलको उपाधि जितेको छ । त्रिपुरेश्वरको दशरथ रङ्गशालामा बुधबार भएको फाइनलमा एपीएफले पुलिसलाई ४-० गोलले हरायो । एपीएफको जीतमा सबिता राना मगरले २ तथा सरु लिम्बु र अनु लामाले १/१ गोल गरे । एपीएफले उपाधिसँगै १० लाख र उपविजेता बनेको पुलिसले ५ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । एपीएफले अपराजित रहँदै उपाधि जितेको हो । महिला लिगमा शुरूमा १० वटा टोलीले प्रतिस्पर्धा गरेका थिए । सिङ्गल राउन्डपछि शीर्ष ५ टोली सुपर लिगमा प्रवेश गरेका थिए । एपीएफ शीर्ष स्थानमा रहँदा आर्मी दोस्रो, पुलिस तेस्रो र बागमती युथ क्लब चौथो भएको थियो । पाँचौं भएको स्याङ्जाको वालिङ नगरपालिका सुपर लिगबाट बाहिरिएपछि शीर्ष ४ टोली प्लेअफ पुगेका थिए । एपीएफ पहिलो क्वालिफायरमा त्रिभुवन आर्मी क्लबलाई २-१ ले हराउँदै र पुलिसले दोस्रो क्वालिफायरमा त्रिभुवन आर्मी क्लबलाई पेनाल्टी सुटआउटमा २-१ ले हराउँदै फाइनलमा पुगेको हो । महिला लिगमा शुरूमा १० टोलीले प्रतिस्पर्धा गरेका थिए । सिङ्गल र ाउण्डपछि शीर्ष पाँच टोली सुपर लिगमा प्रवेश गरेका थिए ।

## अर्थ /कर्पोरेट समाचार

# राजस्व चुहावट कसुरमा मुद्दा दायर




**लुम्बिनी,** माघ १६/राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय बुटवलमार्फत बुटवल उपमहानगरपालिका-५ नेपालगञ्जरोडस्थित अलिम इन्टरप्राइजेजका सञ्चालक अलिम मियाँविरुद्ध राजस्व चुहावट कसुरमा मुद्दा दायर गरेको छ । विभागले अलिम इन्टरप्राइजेजका सञ्चालक मियाँले बिनास्रोतका भन्सार चोरीपैठारी गरिएका मालवस्तुको कारोबार गरी भन्सार महसुल, मूल्य अभिवृद्धि कर बिलविजक जारी नगरीक नै मूल्य अभिवृद्धि कर तथा आयकर छलेर राजस्व चुहावट गरेकाले उच्च अदालत तुलसीपुर बुटवलमा मुद्दा दायर गरेको हो । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन (संशोधनसहित) २०५२ को दफा ३ द्वारा निषेधित कार्य गरेका विषयमा अनुसन्धान गर्दा सोही ऐनको दफा ४ को कसुर गरेको पुष्टि हुन आएकाले प्रतिवादी मियाँबाट सोही ऐनको दफा २ (छ, १) बमोजिम बिगो तीन करोड ४३ लाख ३९ हजार चार सय ३३ बिगो र सोही ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगोको शतप्रतिशत जरिवाना मागदाबी गरिएको छ । साथै सोही ऐनको दफा २३ को उपदफा (१) (ख) बमोजिम निज प्रतिवादीलाई हदैसम्मको कैद सजाय मागदाबी अदालतमा दायर अभियोग पत्रमा गरिएको राजस्व अनुसनधान कार्यालय बुटवलले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । राजस्व अनुसन्धान विभागका अनुसार प्रतिवादी मियाँले आर्थिक वर्ष २०७८/८९ मा भन्सार चोरी पैठारी गरी मालवस्तु कारोबार गर्ने गरेको सूचनाका आधारमा निजको व्यावसायिक फर्ममा राजस्व अनुसन्धान कार्यालय बुटवलको टोलीले २०७९ असार २४ र २५ गते खानतलासी गर्दा मौज्दात घटीबढी देखिएको र निजको बैंक स्टेटमेन्टमा आर्थिक वर्ष २०७८/७९ मा फर्ममा देखाइएको कारोबारभन्दा बढी देखिएको आधारमा निजले राजस्व छली गरेको प्रमाणित भएको बताइएको राजस्व अनुसन्धान कार्यालल बुटवलले जनाएको छ । प्रतिवादी मियाँको राजस्व कार्यालय बुटवलले अनुसन्धानका क्रममा कारोबारका सम्बन्धमा आवश्यक सोधपुछका लागि पटकपटक सम्पर्क गर्दा पनि उपस्थित नभई फरार रहेको र इलाका प्रहरी कार्यालय बुटवलले खोजतलास गर्दा समेत फेला नपरेकाले मुद्दामा अदालतबाट म्याद जारी भई पक्राउ गर्न माग गरिएको छ ।

*-रासस*

**वर्गिकृत डिस्प्ले**

*२ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१




**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई